# यौन तथा प्रजनन स्वास्थ्य अधिकार
## (Sexual and Reproductive Health Right)

### यौन तथा प्रजनन स्वास्थ्य अधिकार भनेको के हो ?

यौन तथा प्रजनन स्वास्थ्य अधिकार भन्नाले हरेक व्यक्तिले आफ्नो शरीर, यौनिकता, सम्बन्ध र प्रजननसम्बन्धी निर्णय स्वतन्त्र रूपमा लिन पाउने अधिकार हो । यी अधिकारहरू नेपालको संविधानद्वारा पनि सुनिश्चित गरिएका छन् ।

## यौन तथा प्रजनन स्वास्थ्य अधिकारहरू

### १. जानकारी पाउने अधिकार

- यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सही जानकारी
- गर्भनिरोधक, गर्भावस्था, एचआईभी, यौनरोग सम्बन्धी जानकारी ।
- सुरक्षित गर्भपतनसम्बन्धी जानकारी ।
- प्रजनन स्वास्थ्यसम्बन्धी बुझ्ने भाषा र तरिकामा जानकारी ।

### २. स्वास्थ्य सेवा पाउने अधिकार

- सम्मानजनक, मैत्रीपूर्ण र गोप्य सेवा ।
- परिवार नियोजन तथा गर्भनिरोधक विकल्प ।
- गर्भावस्था, सुत्केरी र सुत्केरी पछिको सेवा ।
- एचआईभी तथा यौनरोग परीक्षण र उपचार ।
- कानुनअनुसार सुरक्षित गर्भपतन सेवा ।

### ३. स्वतन्त्र निर्णय गर्ने अधिकार

- बच्चा जन्माउने वा नजन्माउने, कति बच्चा जन्माउन निर्णय ।
- गर्भनिरोधक प्रयोग गर्ने वा नगर्ने ।
- विवाह र सम्बन्धबारे निर्णय ।
- यौन सम्बन्धमा हो (YES) वा होइन (NO) भन्न पाउने ।

### ४. सहमतिको अधिकार (Consent)

- सहमति बिना कसैले कसैको शरीर छुन पाउँदैन ।
- जबरजस्ती यौनसम्बन्ध, विवाह र गर्भधारण अपराध हुन् ।

### ५. गोपनीयताको अधिकार

- स्वास्थ्यसम्बन्धी सबै जानकारी गोप्य राखिनुपर्छ ।
- अनुमति बिना जानकारी सार्वजनिक गर्न पाइँदैन ।

### ६. हिंसा र भेदभावबाट मुक्त रहने अधिकार

- यौन तथा घरेलु हिंसा ।
- लैङ्गिक एच.आई.भी. स्थिति, लागुऔषध प्रयोग, पेशा वा पहिचानका आधारमा भेदभाव ।
- बिना भेदभाव सबैले समान सेवा पाउनुपर्छ ।

### नेपालको संविधानले सुनिश्चित गरेका अधिकारहरू

**१. समानताको अधिकार (धारा १८)**

- लिङ्ग, स्वास्थ्य अवस्था, यौनिकता, पेशा वा अन्य पहिचानका आधारमा भेदभाव गर्न पाइँदैन ।

**२. स्वास्थ्यसम्बन्धी हक (धारा ३५)**

- आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकार ।
- प्रजनन् स्वास्थ्य सेवा पाउने अधिकार ।
- आकस्मिक स्वास्थ्य सेवा पाउने अधिकार ।

**३. महिलाको हक (धारा ३८)**

- सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकार ।
- शारीरिक, मानसिक, यौन तथा मनोवैज्ञानिक हिंसाबाट मुक्त रहने अधिकार ।
- समान सहभागिता र अवसरको अधिकार ।

**४. गोपनीयताको हक (धारा २८)**

- व्यक्तिगत जीवन र स्वास्थ्य जानकारी गोप्य राखिने अधिकार ।

**५. शोषण विरुद्धको हक (धारा २९)**

- मानव बेचबिखन, जबरजस्ती श्रम, यौन शोषण विरुद्धको अधिकार ।

**६. सामाजिक न्यायको हक (धारा ४२)**

- सीमान्तकृत, पिछडिएका र जोखिममा रहेका समुदायले विशेष संरक्षण र अवसर पाउने अधिकार ।

**मेरो शरीर मेरो अधिकार हो, मेरो निर्णय मेरो हो ।**
**संविधानले पनि मेरो अधिकार सुरक्षित गरेको छ ।**

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र
टेकु, काठमाण्डौ

RECOVERING NEPAL